नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०४ २०८१ साल चैत १ गते शुक्रबार (14 Mar. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : श्रमिक महिलाको पीरः ... ३ पृष्ठमा : 'नेपाल पर्वतीय देश ... ३ पृष्ठमा : एडिडासलाई १५ हजार डलर ...

## तीन बुदे लिखित प्रतिबद्धता पश्चात् मलाह समुदायका पाँच वृद्धले तोडे आमरण अनसन




**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

एक महिनासम्म रिले अनसन तथा विगत पाँच दिनदेखि विभिन्न २० बुदे माग राखी मलाह समुदायले सुरु गरेको आमरण अनसन तीन बुदे सहमति पश्चात् बिहीबार तोडिएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी बाँधमा आमरण अनसनमा बसेका मलाह समुदायका ५ जना वृद्ध अगुवाहरुलाई विहीबार प्रतिनिधिसभा सदस्य डा. सीके राउतले जुस पिलाएर अनसन तोडाएका हुन् ।

तीन बुदे लिखित प्रतिवद्धतामा आन्दोलनको स्वरुप परिवर्तन गर्ने, मलाह समुदायले उठाएका जायज माग सम्बोधनका लागि नेपाल मलाह कल्याण संघका प्रतिनिधि तथा विज्ञहरु सम्मिलित कार्यदल गठन गर्ने तथा जिल्ला जिल्लामा अन्तरक्रिया मार्फत प्राप्त सुझावहरुलाई समेटेर काठमाडौं पुगि नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउने उल्लेख छ ।

समझौता पश्चात् जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका प्रतिनिधिसभा सदस्य डा. राउतले मलाह समुदायका जायज माग सम्बोधनका लागि जनमत पार्टीले समेत आवश्यक पहल गर्ने प्रतिवद्धता जनाए । पीडितका पक्षमा सुरुदेखि नै जनमत पार्टीले आवाज उठाउँदै आएको बताउँदै डा. राउतले पीडित मध्येका अर्को मलाह समुदाय पनि जोडिएको उल्लेख गरे ।

मधेश प्रदेशका सांसद एवं जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले मलाह समुदायले उठाएका मागहरु प्रति आफूहरु गंभिर रहेको र यसका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउदै आमरण अनसन जस्तो कठोर आन्दोलन नगर्न आग्रह गरेका थिए ।

मधेश प्रदेशका सभा सदस्य एवं पुर्व मन्त्री महेश प्रसाद यादव, जनमत पार्टीका संगठन विभाग प्रमुख डा.जयकान्त राउत, निमित्त प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादव, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणी पौडेल, राष्ट्रिय अनुसन्धान कार्यालय सप्तरीका प्रमुख सुरेन्द्र कोईराला, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझी, समाजसेवी सुरज सिंह, नेपाल मलाह कल्याण संघका राष्ट्रिय अध्यक्ष नारायण मुखिया समेतको उपस्थिति थियो ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फर्महरु, सिमसार

*बाँकी अन्तिम पृष्ठमा*

## एसइईमा सप्तरी जिल्लाबाट ८ हजार ७ सय १५ विद्यार्थी सहभागी हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

यही चैत ७ गतेदेखी हुने एसइई परीक्षामा सप्तरी जिल्लाबाट ८ हजार ७ सय १५ विद्यार्थी सहभागी हुँदैछन् ।

एक सय ४२ विद्यालयबाट सहभागी हुने उक्त संख्याको विद्यार्थीहरु मध्येबाट साधारण तर्फबाट ७ हजार ८ सय ४८, प्राविधिकतर्फ ३ सय ९ र ग्रेडबृद्धि तर्फबाट ५ सय ५८ विद्यार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख शशि यादवले जानकारी दिएका छन् ।

जिल्लाको ३७ वटा परीक्षा केन्द्रको लागि ३७ जना केन्द्राध्यक्ष, ४७ जना सहायक केन्द्राध्यक्ष, ४ सय ३४ जना निरीक्षक, ६७ जना परीक्षा सहायक, ५ सय ५५ जना सुरक्षाकर्मी, १ सय ६२ जना कार्यालय सहयोगी गरि जम्मा १ हजार ३ सय २ जना कर्मचारी परीक्षामा खटिने प्रमुख यादवले जनाए ।

जिल्लाका ९० सामुदायिक विद्यालय र ५२ संस्थागत विद्यालयका बिद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् । मधेस प्रदेशका आठ जिल्ला मध्ये सबैभन्दा कम सप्तरी जिल्लाबाट परीक्षामा बिद्यार्थी सहभागी हुँदैछन् ।

चैत ७ गतेदेखि बिहान ८ बजे देखि ११ बजेसम्म मुलुकभर एकसाथ एसइई परीक्षा हुने भएको हो ।

## छुरा प्रहारबाट दुई गम्भिर, एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

राजविराज वडा नं. ७ सिरहा रोडमा बुधबार साँझ छुरा प्रहारबाट दुई युवक घाइते भएका छन् ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ७ ब्रहम्पुर बस्ने २६ वर्षीय सुनिल यादव र २२ वर्षीय सुभाष यादव छुरा प्रहारबाट घाइते भएको प्रहरीले जनाएको छ । दुबै जनाको अवस्था गम्भिर रहेको छ ।

घाइतेहरूको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार पश्चात् सोही दिन थपउपचारका लागि बिराटनगर रेफर गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिएका छन् ।

उनीहरूको साथीहरूले नै छुरा प्रहार गरेको प्रारम्भिक अनुसन्धानमा पाइएको प्रहरीको भनाइ छ । युवाहरू बीच वादविवाद हुँदा दुबै जनामाथि छुरा प्रहार गरिएको प्रहरी उपरिक्षक खतिवडाले जानकारी दिए । घटनामा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको जनाइएको छ ।

## स्वास्थ्य क्षेत्र सुधार अभियान निरन्तर रहने

**दैनिक समाचारदाता**
**धनुषा, २९ फागुन ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले आफ्नो स्वास्थ्य क्षेत्र सुधार अभियान निरन्तर रहने बताएका छन् ।

बिहीबारजनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयको भवन शिलान्यास गर्दै उनले तत्काललाई आफ्नो ध्यान एसइईलाई मर्यादित बनाउनमा केन्द्रित भएको बताए । तर स्वास्थ्य क्षेत्र सुधार अभियान नरोकिने उनको भनाइ थियो ।

सो अवसरमा मुख्यमन्त्री सिंहले यातायात जस्तो व्यस्त सेवा प्रदायक कार्यालयको आफ्नै भवन नभएको अवस्थामा यो सुखद् सन्दर्भ रहेको बताए । उनले यातायात कार्यालयका गलत गतिविधि बन्द गरी सेवाग्राहीलाई सेवा प्रवाह गर्न कर्मचारीहरुलाई निर्देशन दिए ।

त्यसैगरी मधेश प्रदेशकै श्रम तथा यातायातमन्त्री कौशल किशोर रायले यातायात क्षेत्रका बिचौलिया गतिविधि र दुरुपयोग रोक्न 'अटोमेटिक ट्र्याल सेन्टर'सहितको कार्यालय भवन बन्न लागेको जानकारी दिए ।

कार्यालयको भवनका लागि सीताकुण्डका महन्त राम नरेश दासले एक बिघा जग्गा दान गरेका छन् । मुख्यमन्त्री सिंह, श्रम तथा यातायातमन्त्री राय, यातायात कार्यालय प्रमुख धनञ्जयकुमार सिंहले संयुक्त रुपमा हिन्दु विधिअनुसार भवन निर्माणस्थलको पूजन गरेका थिए ।

**फागु पर्व उल्लास पूर्वक मनाऔं ।**

फागु रङ्ग र उमङ्गको पर्व,
- सभ्य र मर्यादित भएर फागु पर्व मनाऔं,
- बलपूर्वक अरुलाई रङ्ग नलगाऔं,
- कसैको सहमति बिना रङ्ग तथा पानी छ्याप्ने नगरौं,
- हानिकारक रङ्गको प्रयोग नगरौं,
- फागु पर्व मनाउने बहानामा अबाञ्छित गतिविधिमा संलग्न नबनौं,
- फागु पर्वको महत्व र गरिमा बढ्ने गरी यस पर्वलाई उल्लासमय बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रंगको पर्व होलीमा सजकता अपनाऔं

आज मधेशमा होली पर्व मनाइदै छ । यसअघि हिजो पहाड र हिमाली भेगमा मनाइएको थियो । यो पर्व हिजोआज निकै अराजकतर्फ उन्मुख हुँदै गएको छ । सौह्रदपूर्ण रुपमा एक अर्कालाई रंग र अबिर लगाएर यो पर्व मनाइने गरिन्छ । तर आजभोली रंगको साटो फोहर पानी, केमिकल मिसाइएका रंग र अबिरको बढी प्रयोग हुने गरेको छ । रंग, अबिरमा खतरनाक रसायन मिसाइएको हुन्छ । होलीको रंगमा वाइल कलर, केमिकल डाइ, विषाक्त पदार्थ र छालालाई नोक्सान पुर्‍याउने अन्य तत्व पनि हुने गरेको विज्ञहरु बताउँछन् । यसले शरीरको विभिन्नमा गम्भिर असर पुर्‍याउने गर्दछ ।

जथाभावी रंग खेल्दा आँखाको दृष्टि सक्ने, कानको जाली फुट्न सक्ने तथा एलर्जी, दम र छाला सम्बन्धित समस्याले सताउन सक्छ । त्यसैले मुख, आँखा वा कानमा नपरोस् भनेर होशियारी साथ होली खेल्नु आवश्यक छ । बजारमा देखिने धैरे जसो रंगमा हेभी मेटल्स र विषाक्त पदार्थ हुन्छन् । हरियो रंगले आँखामा एलर्जी वा अस्थायी अन्धोपना निम्त्याउन सक्छ । यस्तै बैजनी रंगले दम र एलर्जी हुन सक्छ । चम्किलो रंग क्यान्सरको कारक हुन सक्छ । स्मरण शक्तिलाई हानि पुर्‍याउँछ । लेड अक्साइडले बनाईने कालो रंगले मृगौलामा समस्या उत्पन्न गराउन सक्छ ।

होलीलाई रंगहरुको पर्व भनिन्छ । होलीमा रंग प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पर्छ । होली खेल्नु अघि शरीरका धैरै जसो भाग छोपिने गरी लुगा लगाएर रंग अबिरको दुष्परिणामबाट जोगिन सकिन्छ । यसो गर्दा रंग छालाभित्र जान पाउँदैन । तसर्थ यस पर्वले इष्टमित्र, परिवारजनप्रति आत्मियता, माया र प्रेमलाई अझै प्रगाढ बनाउने हुनाले यस पर्वलाई सौह्रदपूर्ण वातावरणमा मनाउनु पर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिला माध्यमिकी परिक्रमाको धार्मिक मान्यता

**शीतलप्रसाद महतो**

काडमाडौँ, २९ फागुन (रासस) ।

जय रघुनन्दन सीताराम
सवकोई मिलक बोलु जय सिया राम
सीताराम जय सीताराम

मर्यादा पुरुषोत्तम भगवान श्रीराम र सीताको जयजयकार गर्दै साधु, सन्त, योगी र सर्वसाधारण भक्तजनको लावालस्करसहित लाखौँको सङ्ख्यामा निस्केको पन्ध्रदिने धार्मिक यात्रा बिहीबार जनकपुरधाममा फर्किएको छ । नेपाल-भारतबीच सदिऔँदेखि रहँदै आएको धार्मिक तथा सांस्कृतिक सम्बन्धका रूपमा हेरिएको १५ दिने यो धार्मिक यात्रालाई नेपाल-भारत धार्मिक-सांस्कृतिक सम्बन्धको सेतुको रूपमा लिने गरिन्छ । यसलाई मिथिला माध्यमिकी परिक्रमा भन्ने गरिन्छ ।

यही फागुन १५ गते धनुषाको मिथिला नगरपालिका-८, कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट शुरु भएको परिक्रमा जनकपुरमा किशोरीजीको डोला समावेश भएपछि विधिवत् रूपमा प्रारम्भ भएको थियो । फागुनको औँशीदेखि पूर्णिमासम्म चल्ने माध्यमिकी परिक्रमामा धनुषा, महोत्तरी र भारत बिहार प्रान्तको सीमावर्ती क्षेत्र अवस्थित धार्मिक ऐतिहासिक र सांस्कृतिक स्थलहरुको ९० किलोमिटर र सीमावर्ती क्षेत्र भारतको ३० किलोमिटर गरी एक सय २० किलोमिटर भू-भाग साधुसन्तलगायत भक्तजनले पैदलयात्रा गर्ने गर्दछन् । नेपालको महोत्तरी र धनुषाका गरी १२ स्थान तथा भारतको बिहार प्रान्तको मधुवनी जिल्लाका तीन स्थान गरी १५ स्थान परिक्रमा गरी माध्यमिकी परिक्रमाको धार्मिक यात्रा पूरा हुन्छ । १५ स्थानमा रातको बास बसी फाल्गुण पूर्णिमा (फागुन २९) का दिन जनकपुरमा अन्तगृह परिक्रमा गरेपछि माध्यमिकी परिक्रमा समापन गर्ने गरिन्छ ।

मिथिलामा बृहत्, मध्य र अन्तरगृह गरी तीन प्रकारको परिक्रमा गर्ने चलन छ । तर विभिन्न समस्याका कारण वर्तमान समयमा मध्य परिक्रमामा रुचि राख्नेहरुको सङ्ख्या अहिले पनि उल्लेख्य छ । डोलाको पछि-पछि परम्परागत बाजागाजा, झाँकी कीर्तनसहित मौलिक पहिरनमा लाखौं नरनारी सहभागी हुने गर्छन् यो परिक्रमामा । लावालस्करसहित मिथिलाको चारै स्थानका धार्मिक स्थलको परिक्रमा गर्ने परम्परा छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा छ । यस परिक्रमामा विशेषगरी नेपालको धनुषा, महोत्तरी, सर्लाही, सप्तरी र भारतको मधुवनी, अयोध्या, मथुरा, हरिद्वार, दरभङ्गाका साधुसन्तहरू उल्लेख्य रूपमा सहभागी हुने गरेको पाइन्छ ।

मधेशकै महाकुम्भका रूपमा मानिने यो मिथिला माध्यमिकी परिक्रमाका यात्रुहरू १४औं दिन हिजो भारत बिहारको विसौलमा विश्राम गरेपछि बिहीबार १५औं दिन जनकपुरधाममा फर्किएको हो । जनकपुरधाम प्रवेश गरेका तीर्थयात्री ऐतिहासिक बाह्रविघा रङ्गभूमि मैदान, तिरहुतिया गाछी तथा अन्य स्थानमा विश्राम गर्नेछन् । फागु पूर्णिमाको अवसरमा बिहीबार जनकपुरधाम फर्किएका तीर्थयात्रीले भोलि अन्तिम दिन अन्तरगृह परिक्रमा गर्नेछन् । यो परिक्रमालाई 'पञ्चकोशी परिक्रमा' पनि भनिन्छ । यसमा माध्यमिकी परिक्रमामा सहभागी हुन नसकेका भक्तजन पनि सामेल हुने गर्छन् । यस परिक्रममा लाखौँ श्रद्धालु सहभागी हुने गर्दछन् ।

धार्मिक जनविश्वासअनुसार, मिथिला बिहारी र किशोरीजीको डोलासँगै परिक्रमा गर्दा भक्तजन विभिन्न रोग, दुःख-कष्ट तथा समस्याबाट मुक्त भई मनोकामना पूर्ण हुने आस्था राख्छन् । त्यसैले धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरीका साथै भारतको बिहार-सितामढी, मधुबनी, दरभङ्गा आदि स्थानबाट लाखौं श्रद्धालु एवं साधुसन्त यसमा सहभागी हुने गर्छन् । परिक्रमा यात्रामा सहभागीहरूले खानपानका सामग्री तथा आवश्यक बन्दोबस्तीका सामानसहित यात्रा गर्छन् । परम्परागत बाजागाजा, झाँकी, कीर्तन तथा मौयर्सलिक पहिरनमा विशेषतःपाका उमेरका नरनारीहरू सहभागी हुने गर्छन् ।

मिथिला परिक्रमामा सहभागी हुनेले १५ दिन नाङ्गै खुट्टा यात्रा गर्नुपर्ने परम्परा छ । त्यसैले यो परिक्रमा यात्रालाई कठोर धार्मिक यात्राका रूपमा पनि लिइन्छ । परिक्रमाका सहभागीले १५ दिनसम्म लसुन, प्याज र मांसाहार त्याग गर्नुपर्छ । यात्राका सहभागीले एक छाक मात्रै खाना खाने प्रचलन पनि रहेको छ । यात्रीले परिक्रमा अवधिभर गृह प्रवेश नगर्ने र खुला आकाशमुनि पाल टाँगेर वनवास जस्तै जीवनशैली अपनाउनुपर्ने परम्परा छ । यात्राका क्रममा यात्रीले दिनरात मर्यादा पुरुषोत्तम राम र सीताको भजनकीर्तन गर्ने गर्छन् ।

परिक्रमाको प्रत्येक विश्रामस्थल र यात्राका क्रममा पर्ने गाउँका सर्वसाधारणले परिक्रमाका सहभागी यात्रीलाई खाद्यान्न र बासको सक्दो उत्तम प्रबन्ध गर्छन् । परिक्रमाका सहभागी यात्रुलाई खाद्यान्न दान गरे परिक्रमा गरेसरहकै फल प्राप्ति हुने जनविश्वासका कारण विश्रामस्थल र यात्राका क्रममा पर्ने गाउँवासीले खाद्यान्न दान गर्ने र स्वास्थ्य शिविर सञ्चालन गरी निःशुल्क औषधि उपचारको व्यवस्था मिलाउने गरेको पाइन्छ । परिक्रमामा सहभागी भएमा मन, वचन र कर्मबाट भएका पाप नष्ट भई मनोकामना पूरा हुने धार्मिक विश्वास छ । परिक्रमामा सहभागी हुँदा १०८ तीर्थ बराबरको फल प्राप्त हुने जनविश्वास छ ।

**माध्यमिकी परिक्रमाको शुरुआत**

प्रत्येक वर्ष मनाइने मध्यमा परिक्रमा मिथिलाञ्चलकै १५ दिवसीय महाकुम्भका रूपमा चर्चित छ । परिक्रक्रमा बृहत्, मध्य र अन्तगृह गरी तीन प्रकारका हुन्छन् । बृहत् परिक्रमा उत्तरमा हिमालय पर्वत श्रेणी, पूर्वमा कोशी, दक्षिणमा गङ्गा र पश्चिममा गण्डकसम्मको परिक्रमापछि मात्र सम्पन्न हुन्छ । यो निकै कठिन परिक्रमा मानिन्छ । माध्यमिकी परिक्रमा १८औं शताब्दीभन्दा पूर्वदेखि मनाइँदै आएको विश्वास छ । परिक्रमा यात्रा यकिनसाथ कहिले शुरु भएको भनेर कहींकतै उल्लेख नभए पनि सियालाल प्रभंस नामका सन्तले १०/१२ जना साधु मिलेर परिक्रमा शुरुआत गर्नुभएको भनाइ छ । सियालाल प्रभंसको समय भन्नाले १७५ वर्षअघिको अवस्थालाई जनाउँछ । त्यही परिक्रमाले विस्तारै सङ्ख्या बढ्दै र चर्चा पाउँदै गएको पाइन्छ । त्यसपछि मिथिला बिहारी (राम) को डोला र पछि कशोरीजीको पनि डोला शुरु भएको मान्यता छ ।

माध्यमिकी परिक्रमा अर्थात् पञ्चकोशी परिक्रमाले नेपाल-भारतको ८० कोसको वृत्ताकारमा यात्रा तय गर्छ । वर्षमा एक पटक विशाल रूपमा तीर्थालुहरू मोक्ष प्राप्तिका लागि मिथिलाको माध्यमिक परिक्रमा गर्छन् । वास्तवमा राजा जनकको राजधानी जनकपुरलाई परिक्रमा गर्नु माध्यमिकी परिक्रमा हो भन्ने भनाइ पनि छ । मिथिला महात्म्यमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरूले छोटो दुरीको अन्तगृह परिक्रमा गर्नुपर्ने उल्लेख गरिएको छ । अन्तगृह परिक्रमाको सीमा क्षेत्र जनकपुरधाम नगरपालिकाभित्र पर्छ ।

विष्णुपुराण अन्तर्गतको मिथिला महात्म्यको अध्याय-१२ को ३३ श्लोकमा मिथिला परिक्रमाका बारेमा विस्तृत वर्णन गरिएको पाइन्छ । मिथिला माध्यमिकी परिक्रमाका १५ वटा विश्रामस्थल छन् । सबै विश्रामस्थल लगभग पाँच कोसको दूरीमा छन् अर्थात् ती १५ किलोमिटरभित्रै पर्छन् । राजा जनक शिवभक्त थिए । उनैले जनकपुरको पूर्व र दक्षिण कुनामा स्थापना गरेको कल्याणेश्वर महादेवस्थानबाट माध्यमिकी परिक्रमा प्रारम्भ हुन्छ । यो परिक्रमालाई विस्तार गर्ने काम जानकी मन्दिरका महन्थ सुरकिशोर दासले गर्नुभएको भनाइ छ ।

**माध्यमिकी परिक्रमाको विश्रामस्थलहरु**

मध्य परिक्रमा अर्थात् पञ्चकोशी परिक्रमाअन्तर्गत ८० कोशको वृत्ताकारमा घुम्नु पर्दछ । यस क्रममा विभिन्न विश्रामस्थल पर्दछन् ।

**हनुमानगढी :** फागुण अमावश्याका दिन धनुषाको कचुरी मठबाट निस्केको रामजानकी (मिथिलाविहारी) को डोलाका सहभागीले जानकी मन्दिर हुँदै बाजागाजासहित हनुमानगढीमा राति विश्राम लिन्छन् । यहाँ सयौं वर्ष पुरानो हनुमानको विशाल मूर्ति रहेको छ ।

**कल्याणेश्वर (कलना) :** विश्रामको दोस्रो पडावस्थल भारतको कल्याणेश्वर अर्थात् कलना हो । यहाँ कल्याणेश्वरनाथ महादेवको मन्दिर छ । राजर्षि जनकले आफ्नो राजधानीका चारै कुनामा स्थापना गरेका चार महादेवमध्ये यो एक हो ।

**गिरिजास्थान (फुलहर):** कल्याणेश्वरस्थानबाट चार कोस दक्षिणपश्चिमस्थित गिरिजास्थान तेस्रो दिनको पडावस्थल हो । त्रेतायुगमा सीताले फुल चुनिरहेका बेला यहाँ रामको पहिलो भेट भएको किंवदन्ती छ । यहाँ दुःखहरण कुण्ड, सीतासागर र फूलबारी रहेको छ ।

**मटिहानीः** माध्यमिकी परिक्रमाको चौथो दिन अर्थात् फागुण शुक्ल तृतीयाका दिन महोत्तरी जिल्लाको पहिलो विश्रामस्थल मटिहानी प्रवेश गर्छ । यहाँ सीताजीको मटकोरका लागि माटो खनिएको विश्वास गरिन्छ । यहाँ प्रसिद्ध लक्ष्मीसागर (पोखरी) र लक्ष्मीनारायणको मन्दिर छ ।

**जलेश्वरः** परिक्रमाका यात्री मटिहानीबाट चौथो दिन जलेश्वर पुग्छन् । यो स्थल मटिहानीबाट दुई कोस पश्चिममा पर्छ । यहाँ जलमा विराजमान जलेश्वरनाथको पूजा आराधना गर्ने गरिन्छ ।

**मडैः** फागुण शुक्ल पञ्चमीका दिन परिक्रमाको डोला जलेश्वरबाट प्रस्थान गरी मडै पुग्छ । प्राचीनकालमा यहाँ माण्डव ऋषिको आश्रम र सीताजीको बिहेका लागि मडवा (वेदी) बनाइएको जनश्रुति पाइन्छ ।

**ध्रुवकुण्डः** मडैबाट सातौं दिन ध्रुवकुण्ड पुगिन्छ । यहाँ ध्रुवको मन्दिर र ध्रुवकुण्ड रहेको छ ।

**कञ्चनवनः** ध्रुवको दर्शन गरेर परिक्रमाका यात्री महोत्तरीको अन्तिम पडावस्थलका रूपमा रहेको कञ्चनवनमा सप्तमीका दिन पुगी विश्राम लिन्छन् । यहाँ इच्छावती र विरजा गङ्गाको सङ्गमस्थल भएकाले यसलाई पवित्र मानिन्छ । पौराणिककालमा यहाँ अनारवन, तमालवन, तालवन, कदलीवनलगायतका १२ वटा रमणीय वन थिए । त्रेतायुगमा यहाँ भगवान् रामले होली खेलको किंवदन्ती छ । यहाँ यात्रीले अबिर खेली होली मनाउने गर्छन् ।

**पर्वताः** नवौं दिन यात्रीले धनुषाको पर्वतामा विश्राम लिन्छन् । राजा जनकद्वारा स्थापित छिरेश्वरनाथ महादेवको मन्दिर यहाँ रहेको छ ।

**धनुषाधामः** पर्वताबाट १० औं पडावस्थलका रूपमा रहेको धनुषाधाममा यात्री पुग्छन् । सीताको स्वयंवर हुँदा मर्यादा पुरुषोत्तम रामले भाँचेको धनुषको एक टुक्रा यहाँ खसेको विश्वास छ । यहाँ सीताराम, हनुमानलगायतका मन्दिर छन् ।

**सतोषरः** फागुण शुक्ल दशमीका दिन परिक्रमाका सहभागी डोलासँगै सतोषर पुग्छन् । यहाँ सात वटा पोखरी, शिव र सीतारामका मन्दिर छन् ।

**औरहीः** विमला नदीको तटमा रहेको औरहीमा १२ औं दिनको विश्राम लिइन्छ ।

**करुणाः** नेपालको औरहीबाट पुनः परिक्रमा भारतको करुणातिर लाग्छ । १३ औं दिनको बास करुणामा हुन्छ । यहाँ करुणा नामको नदी विख्यात छ ।

**विशौलः** करुणाको विश्रान्तिपछि परिक्रमाका यात्रु चतुर्दशीका दिन भारतको विशौल पुग्ने गर्छन् । यहाँबाट कमला नदी बग्छ । यहाँ ऋषि विश्वामित्रको मन्दिरसमेत छ ।

**जनकपुरः** परिक्रमाको अन्तिम पडावस्थल जनकपुरमा यात्रीले विश्राम लिन्छन् । यहाँ रातको विश्रामपश्चात् अन्तिम प्रहरमा अन्तगृह परिक्रमा गरिन्छ । जानकी र राममन्दिरलाई केन्द्रविन्दु मानी यात्रीले अन्तगृह परिक्रमा गर्ने गर्छन् । यसपछि मिथिलामा होली प्रारम्भ हुन्छ ।

# मधेसमा अचेल सुनिन छोड्यो होलीको 'जोगिरा'

**अजयकुमार साह**

धनुषा, २९ फागुन (रासस)।

"कौनतालपर ढोलक बाजे कौन ताल मृदङ्ग ?

कौनतालपर गोरिया नाचे कौन तालपर हम ?

जोगीरा सर र र !!!"

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदंग, कुन तालमा कान्छी नाच्छे कुन तालमा)

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावको कारण लोप हुँदै गएको छ। होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ। मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होलीपर्व खेल्नेहरुबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउनुहुन्छ। उहाँले भन्नुभयो, 'होलीपर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ। सङ्गीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन। भनिन्छ होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो।'

मिथिलानगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्खौली बाजा मृदङ्ग बजाई फागु गीत (जोगिरा) गाउन नपाएकामा दुःखी मनले भन्नुभयो, 'पहिले यस्ता जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भएको बारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बूढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ।'

'यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा..का स्वर नै सुनिन्न !' वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामभरोसी यादवले भन्नुभयो। उहाँ भन्नुहुन्छ,'मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, बाँचेका हामीहरु पनि बुढा भएर थलिएका छौं तर अझै गाउने त रस छ, तर साथदिने कोही छैनन्।' वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ।

हरिहरपुरका ६५ वर्षीय रामदुलार महतोले आफ्नै शैलीमा जोगिरा सुनाउनुभयो,

किनका के हाथकनक पिचकारी,
किनका के हाथअबीर झोरी ?
रामजी के हाथ मेंकनक पिचकारी,
सियाजी के हाथअबीर झोरी '!!
जोगिरा..सररर..!!'

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुनजडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला)

यस्ता पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा अब मिथिलाञ्चलमा सुनिन छाडेका छन्। होलिया (फागु गीतगाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरु बताउँछन्। सामाजिक छुवाछूत, ठूला-साना जात र भिन्न धर्म संस्कृतिप्रति माया गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ। तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेश कर्णले चिन्ता व्यक्त गर्नुभयो।

मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होलीगीत शुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा परिक्रमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ। पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजाभएकाले आफूलाई देवताभन्दा ठूलो हुँभन्ने घमण्ड गर्थे। उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए। हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगामा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन। सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाइँ गर्ने र भोली पल्ट होली खेल्ने चलन रहि आएको भनाइ छ।

जनकपुरधाम-१२ का सतीशलाल कर्ण भन्नुहुन्छ, 'होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीतहरु आएकाले होलीमा माधुर्य र प्रेम भाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ।' दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर अहिले ती गीत भने लोप हुने अवस्थामा पुगेका छन्। नवयौवना मात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक हुन्न।

क्षीरेश्वरनाथ ७ हरिहरपुरका रामलाल महतोले भन्नुभयो, 'होलीको पौराणिकता अब हराइसकेको छ। दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ। होलीको तर्क, दर्शन, मौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ। पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ।'

पहिलेपहिले बुढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगत रूपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका ७० वर्षीय सत्यनाराण सिंह बताउनुहुन्छ। अब त्यो समय हराएर गएको छ। अधिकांश युवा कामका लागि खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्नुहुन्छ, 'अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यता पूर्णतामा पुगेको छ। भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखा परेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ।'

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ। फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन्। पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो। अब उच्छृङ्ल गीतका बजारमा बढी पाउन थालिएको छ। यस्तो गीतमा अश्लीलशब्द बढी भएको सखुवा बजारका रामकृपाल जयसवालको भनाइ छ।

मिथिलाको शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्ध रूपमा ग्रामीण होलीको महत्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेको संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीको भनाइ छ। पौराणिक होली गीतमा विषय वासना, प्रेमालाप र राम सीता, शिव पार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो। अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृङ्खलता अश्लीलता जस्ता गीतले कब्जा जमाउन थालेकाले यसको आकर्षण समाप्त हुँदै गएको कापडीको भनाइ छ।

गाउँघरमा आजभोलि होलीका सांस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ। वसन्त ऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वका रूपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुन थालेकाले यसको संरक्षणतर्फ ध्यान दिनुपर्ने साहित्यकार तथा संस्कृतिविद् डा. राजेन्द्र बिमल बताउनुहुन्छ। 'होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून्। होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलावासी जस्तो' उहाँ बताउनुहुन्छ। तराई मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिराको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद् (मिनाप)ले गाउँगाउँबाट होलियाहरुलाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ।


राजबिराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी, २ नं. प्रदेश, नेपाल

प.स. ०८१।८२
च.नं. : २६१०

मिती :- २०८१।११।२९

**राजविराज नगरपालिका कार्यालयंबाट जारी भएको सुचना।**

सुचना! सुचना !! सुचना !!!

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वार्ड नं. ३ हाल रा.वि.न.पा. वार्ड नं. ४ बस्ने शशी कुमार माझी को आफनो कालगति ले मिति २०७४/०९/२६ गते मा परलोक हुनु भएको र मेरो सासु आमा को मिति २०७७/०१/१५ गते मा कमला माझी समेत को मृत्यु भई सकेको ले निज मृतक को सबै भन्दा नजिक को हकदार एक मात्र धर्म पत्नी अन्जना माझी भएको हुदाँ निज मृतक शशी कुमार माझी को नाउँमा जग्गा दर्ता कायम रहेको जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वार्ड नं. ३ हाल रा.बि.न.पा. वार्ड नं. ४ दर्जि लाईन को प्लौट नं. २७/१ को ज.वि. ०-०-२ जग्गा ऐ ऐ प्लौट नं. २८/१ को ज.वि. ०-०-१ जग्गा र सासु कमला माझी को नाउँमा जग्गा दर्ता कायम रहेको रा.वि.न.पा. साविक वार्ड नं. ३ हाल रा.बि.न.पा. वार्ड नं. ४ फुटकर लाईन को प्लौट ३/१ को ज.बि. ०-०-१.६४ जग्गा समेत मेरो नाउँमा दा.खा. गरि पाउँ भनि समेत व्यहोरा को रा.बि.न.पा. साविक वार्ड नं. ३ हाल रा.वि.न.पा. वार्ड नं. ४ बस्ने निवेदिका अन्जना माझी को निवेदन पर्न आएकोले यो ३५ दिने सुचना प्रकाशित गरिएको छ। निवेदिका बाहेक अन्य कसैको हक दावी छ। भने यो सुचना प्रकाशित भएको मिति ले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण सहित निवेदन दिन आउनु होला अन्यथा माग भए अनुसार दा.खा. भई जाने छ। यस पछि कुनै उजुर बाजुर लाग्ने छैन भन्ने व्यहोरा यहि सुचना मार्फत सुचित गरिन्छ।

इति सम्वत २०८१ साल ११ महिना २९ गते रोज ५ शुभम........... ।

निरन्जन प्रसाद यादव
नि. प्रमुख प्रशासकीय अधिकृत


# विश्व समाचार

## पाकिस्तानमा रेल बन्धकबाट कम्तीमा २५ जनाको शव बरामद

मच (पाकिस्तान), २९ फागुन (रासस/एएफपी)।

अधिकारीहरूले बिहीबार पहिलो अन्त्येष्टिअघि पाकिस्तानमा पृथकतावादी बन्दुकधारीहरूद्वारा रेल घेराबन्दीमा मारिएका २१ बन्धकसहित कम्तीमा २५ जनाको शव बरामद गरिएको बताएका छन्। सुरक्षा बलका अनुसार बुधबार राति समाप्त भएको दुई दिने उद्धार अभियानमा तीन सय ४० भन्दा बढी रेल यात्रुलाई मुक्त गरिएको थियो। पृथकतावादी समूहले दक्षिणपश्चिमी बलुचिस्तानको पहाडी क्षेत्रमा दुर्गम रेलमार्गमा बम विस्फोट गरेर करिब चार सय ५० यात्रु बोकेको रेलमा आक्रमण गरेको थियो।

अफगानिस्तान र इरानसँगको सीमा नजिकै बलुचिस्तानमा बाहिरी मानिसहरूले प्राकृतिक स्रोतहरू लुटेको आरोप लगाउने धेरै पृथकतावादी समूहमध्ये एक बलुच लिबरेसन आर्मी (बिएलए) ले उक्त आक्रमणको जिम्मा लिएको थियो। मृतकको सङ्ख्या फरक फरक आएको छ। सेनाले आधिकारिक बयानमा '२१ निर्दोष बन्धक' विद्रोहीहरूद्वारा मारिएको र उद्धार अभियानमा चार सैनिक मारिएका बताएको थियो।

बलुचिस्तानका एक रेलवे अधिकारीले बिहीबार बिहान २५ जनाको शव बन्धक स्थलबाट नजिकैको मच सहरमा रेलबाट लगिएको बताए। "मृतक १९ जना सैन्य यात्रु, एक प्रहरी र एक जना रेलवे अधिकारीका रूपमा पहिचान गरिएको छ भने चार जनाको शव अझै पहिचान हुन सकेको छैन", नाम नछाप्ने सर्तमा ती अधिकारीले बताए।

अपरेसनको निरीक्षण गर्ने एक वरिष्ठ स्थानीय सैन्य अधिकारीले विवरणको पुष्टि गरे। एक सैन्य अधिकारीले नाम नछाप्ने सर्तमा मृतक सैनिकको सङ्ख्या यसअघि बन्धक बनाइएका २७ जना ड्युटी बाहिर रहेकासहित २८ रहेको बताएका थिए। घेराबन्दीबाट भागेका यात्रुहरूले सुरक्षामा पुग्न दुर्गम पहाडहरू हुँदै घण्टौं हिँडेपछि विद्रोहीहरूले मानिसहरूलाई गोली हानेर मारेको देखेको बताए। पहिलो अन्त्येष्टि बिहीबार हुने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री मुहम्मद शहबाज सरिफले पनि बलोचिस्तान भ्रमण गर्ने अपेक्षा गरिएको उहाँको कार्यालयले जनाएको छ। "प्रधानमन्त्रीले अपरेसनका क्रममा सुरक्षाकर्मी र रेल यात्रुहरूको शहादतमा दुःख र शोक व्यक्त गर्नुभयो", कार्यालयले विज्ञप्तिमा भनेको छ। बिएलएले रेलमा आक्रमण गर्न पहाडमा लुकेका ठाउँहरूबाट दर्जनौं विद्रोहीहरू निस्किएपछि ट्र्याकमा भएको विस्फोटको भिडियो जारी गरेको छ।

प्रायः सुरक्षा बल र प्रान्त बाहिरका जातीय समूहहरूलाई लक्षित गर्दै विगत केही वर्षमा पृथकतावादी समूहहरूद्वारा आक्रमणहरू बढेका छन्। सुरक्षा बलले गरिब बलुचिस्तानमा दशकौंदेखि विद्रोहसँग लडिरहेका छन् तर स्वतन्त्र सेन्टर फर रिसर्च एन्ड सेक्युरिटी स्टडिजका अनुसार सन् २०२३ को तुलनामा गत वर्ष प्रान्तमा हिंसामा वृद्धि भएको थियो।

## अस्ट्रेलियाली पूर्व क्रिकेटर म्याकगिल कोकिन आपूर्ति मामिलामा दोषी ठहर

सिड्नी, २९ फागुन (रासस/एएफपी)।

अस्ट्रेलियाका पूर्व टेस्ट क्रिकेटर स्टुअर्ट म्याकगिललाई बिहीबार कोकिन आपूर्तिमा संलग्न भएको आरोपमा दोषी ठहर गरिएको स्थानीय मिडियाले जनाएको छ। सेवानिवृत्त लेग स्पिनरले सन् २०२१ मा आफ्नो व्यक्तिगत कोकिन डिलरलाई एक सहयोगीसँग परिचय गराएको प्रहरीले जनाएको छ। त्यसपछि ती दुई जनाले आपसमा दुई लाख अमेरिकी डलरको लागूपदार्थ सम्झौता गरेको प्रहरीले जनाएको छ। यद्यपि म्याकगिल त्यसपछिको कारोबारमा संलग्न नभए पनि जुरीले ५४ वर्षीय म्याकगिललाई जानीजानी प्रतिबन्धित लागूपदार्थको आपूर्तिमा सहभागी भएको दोषी ठहर गरेको राष्ट्रिय प्रसारक एबिसीले बताएको छ। जुरीले उहाँलाई व्यावसायिक स्तरको लागूपदार्थ आपूर्तिमा संलग्न हुने अझ गम्भीर आरोपमा निर्दोष ठहर गरेको छ। म्याकगिलले सन् १९९८ देखि सन् २००८ सम्म अस्ट्रेलियाका लागि ४४ टेस्ट खेल्नुभएको थियो। उहाँको करियर शेन वार्नको करियरसँग मेल खान्थ्यो। शेन वार्नलाई व्यापक रूपमा सर्वकालीन सर्वश्रेष्ठ स्पिन बलर मानिन्छ।

## चीनद्वारा अमेरिकी व्यापार तनाव समाधानका लागि 'वार्ता' आह्वान

बेइजिङ, २९ फागुन (रासस/एएफपी)।

विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्रले एक अर्काको आयातमा थुप्रै भन्सार शुल्क लगाउँदा बढ्दै गएको व्यापार तनाव समाधान गर्न बिहीबार चीनले वासिङ्टनसँग 'वार्ता' गर्न आह्वान गरेको छ। "चीन र अमेरिकाले आर्थिक र व्यापारिक क्षेत्रमा मतभेद र विवादप्रति सकारात्मक र सहयोगी मनोवृत्ति अपनाउनुपर्छ भनी चीनले सधैं वकालत गर्दै आएको छ", वाणिज्य मन्त्रालयका प्रवक्ता हे योङ्कियानले साप्ताहिक पत्रकार सम्मेलनमा भन्नुभयो, "तर कुनै पनि प्रकारको सञ्चार र परामर्श आपसी सम्मान, समानता र आपसी फाइदामा आधारित हुनुपर्छ भन्ने कुरामा जोड दिनुपर्छ, धम्की र डर देखाउनाले मात्र प्रतिकूल परिणाम ल्याउन सक्छ। संयुक्त राज्य अमेरिका र चीनले संवाद र परामर्शमार्फत समस्याहरू समाधान गर्ने सही मार्गमा फर्कन... सँगै काम गर्नेछन् भन्ने आशा गरिएको छ।"

जनवरीमा पुनः पदभार ग्रहण गरेयता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घातक फेन्टानिल र सम्बन्धित पूर्ववर्ती रसायनहरूको प्रवाह रोक्न असफल भएको भन्दै चीन, क्यानाडा र मेक्सिको लगायत प्रमुख व्यापारिक साझेदारहरूमा भन्सार शुल्क लगाउनुभएको छ। यस महिना ट्रम्पले चिनियाँ उत्पादनहरूमा लगाउनुभएको १० प्रतिशतको सामान्य भन्सारलाई बढाएर २० प्रतिशत पुऱ्याउनुभएको थियो। बेइजिङले यसको जवाफमा सोयाबिन, सुँगुरको मासु र कुखुरासहितका अमेरिकी कृषि वस्तुहरूमा १५ प्रतिशतसम्म कर लगाएको छ। विश्वको शीर्ष इस्पात उत्पादक चीनले पनि बुधबार इस्पात र एल्युमिनियम आयातमा अलग-अलग नयाँ अमेरिकी भन्सार शुल्कको प्रतिक्रियामा आफ्नो हितको रक्षा गर्न 'सबै आवश्यक उपायहरू' गर्ने प्रतिबद्धता जनाएको छ।

# स्ववियु सभापतिका लागि पाँच जनाको उम्मेदवारी कायम



**दैनिक समाचारदाता राजविराज, २९ फागुन ।**

चैत ५ मा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा पाँच जनाको सभापतिमा उम्मेदवारी कायम भएको छ ।

निर्वाचन समितिका अनुसार सभापति पदमा प्रत्यक्षतर्फ पाँच जनाको उम्मेदवारी कायम भएको हो ।

नेपाली काँग्रेस निकट नेबि संघबाट नितिश कुमार यादव, जसपा नेपाल निकट समाजवादी बिधार्थी युनियनबाट रंजित कुमार यादब, नेकपा एमाले निकट अनेरास्वबियुवाट मनिषा कुमारी साह, जनमत पार्टी निकट बिधार्थी जनमत संघवाट त्रिबेणी कुमार यादब र स्वतन्त्रतर्फ बिनय कुमार यादबको उम्मेदवारी कायम रहेको छ ।

समाजवादी बिधार्थी युनियन नेपालवाट अध्यक्ष पदमा पार्टीवाट आधिकारिक टिकट नपाएपछि बिनयले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका हुन् । यस्तै जसपा नेपाल निकट समाजवादी बिधार्थी युनियनबाट रंजित कुमार यादवले दोश्रो पटक उम्मेदवारी दिएका छन् । उनी स्वबियुको वर्तमान सभापति हुन् । यसअघि सभापति पदमा सात जनाको उम्मेदवारी परेको थियो।

त्यस्तै सचिव पदमा समाजवादी बिधार्थी युनियन नेपालकोतर्फवाट मुकेश कुमार साह, अनेरास्वबियुवाट अजय यादब, बिधार्थी जनमत संघवाट सुमन कुमार मण्डल, लोकतान्त्रिक बिधार्थी संघवाट प्रकाश कुमार यादब बनेका छन ।

यसैगरी कोषाध्यक्ष पदमा अनेरास्वबियुका मोहम्मद अबुजर आलम, नेबि संघवाट शालिनी कुमारी ठाकुर, बिधार्थी जनमत सचरूंघबाट संजिव कुमार यादब, अखिल ( क्रान्तिकारी) कंचन कुमारी ठाकुर रहेका छन ।

यता बिहीबारै मबिव क्याम्पस राजबिराज र निर्वाचन समितिसहित बिधार्थी संगठनहरू बिच भएको बैठकमा त्रिविको स्वबियु निर्वाचन ०८१ को निर्देशिका अनुसार मतपत्र तयार गर्ने सहमति भएको निर्वाचन समितिले जनाएको छ ।

मबिव क्याम्पसका निमित्त क्याम्पस प्रमुख रामअशिष यादबको उपस्थितिमा मतपत्र क्रम संख्या निर्धारण सम्बन्धमा भएको छलफलवाट चैत ५ गते हुने स्वबियु निर्वाचनको लागि निर्वाचन तालिका, बिधार्थी कल्याण तथा खेलकुद निर्देशालयको निर्णय अनुसार सबै बिधार्थी संगठनका अध्यक्ष उम्मेदवारहरूको सहमित आधारमा गोला प्रथावाट छनोट गरेको छ ।

गोला प्रथावाट मतपत्र क्रम संख्याको पहिलो नम्वरमा बिधार्थी जनमत संघका उम्मेदवार त्रिवेणी कुमार यादब, दोस्रो क्रममा अनेरास्वबियुका मनिषा कुमारी साह, तेस्रोमा नेवि संघका नितिश कुमार यादब, चौथोमा समाजवादी बिधार्थी युनियन नेपालका रंजित कुमार यादब र पाचौमा स्वतन्त्र अध्यक्षका उम्मेदवार बिनय कुमार यादबको मतपत्र क्रम संख्या राखिने निर्वाचन समितिका प्रमुख नन्दकिशोर यादबले जानकारी दिए ।

# न्यून 'भिजिबिलिटी'का कारण एक सातादेखि उडान प्रभावित

काठमाडौँ, २९ फागुन (रासस) ।

एयर अरेबियाको जहाजले बिहीबार दिउँसो १ बजेर ५ मिनेटमा काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नै लाग्दा 'मिस एप्रोच ओभरसुट' भयो । काठमाडौँ विमानस्थलमा एप्रोच लिएको उक्त जहाजले अवतरण हुनै लाग्दा नरेफाँटमाथिबाट एक्कासी ओभरसुट गऱ्यो । हावाको गति नमिलेको 'विन्ड सियर' भएर विमानले मिस एप्रोच गरेको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले बताउनुभयो ।

"एयर अरेबियाको जहाजले काठमाडौँ विमानस्थलमा फाइनल एप्रोच लिँदा मिस एप्रोच भएको छ", उहाँले भन्नुभयो, "दुई तर्फको हावा मिसिएपछि भुमरीजस्तो हुनेलाई विन्ड सियर भनिन्छ । जसका कारण जहाज हल्लिएर मिस एप्रोच भएको थियो ।"

त्यसैगरी नयाँ दिल्लीबाट काठमाडौँ आएको एयर इण्डियाको जहाजले बिहीबारै सिमरा माथिको आकाशमा होल्ड भइ चार फन्को मारेपछि भर्खरै काठमाडौँमा अवतरण भएको फ्लाइट राडर्डले जनाएको छ । सँगै बैङ्ककबाट आएको थाइ लाइन एयरको जहाज पनि केहीबेरदेखि होल्डमा परेको थियो ।

यसअघि बुधबार जापानको नारिताबाट आएको नेपाल एयरलाइन्सको जहाज केही समय होल्ड भएपछि अवतरण भयो । कतारको दोहाबाट आएको कतार एयरवेज र भारतको नयाँ दिल्लीबाट आएको एयर इन्डिया, मलेसियाको क्वालालम्पुरबाट आएको बाटिक एयर, दुबईबाट आएको फ्लाई दुबईको जहाज पनि होल्ड भएका थिए । त्यतिमात्रै हैन भैरहवाबाट आएको फ्लाइ दुबई, धनगढीबाट आएको बुद्ध एयर, पोखराबाट आएको यति एयरलाइन्सका विमान कम भिजिबिलिटीका कारण होल्डमा परेका थिए ।

प्रतिकूल मौसमका कारण पछिल्लो एक सातादेखि मुलुकको उडान सामान्य प्रभावित भइरहेको छ । प्रतिकुल मौसमका कारण आवश्यक भिजिबिलिटी नहुँदा र आन्तरिक र अन्तरराष्ट्रिय हवाई उडान प्रभावित भइरहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलले जनाएको छ ।

विमानस्थलका प्रवक्ता शेर्पाका अनुसार मौसममा आएको खराबीका कारण अन्तरराष्ट्रिय हवाई उडान बढी प्रभावित भइरहेको छ । नेपालमा अहिले प्रि-मनसुनी गतिविधि सक्रिय भइरहेको र वर्षा गराउने मौसमी प्रणालीको विकास भइरहेकाले मौसम प्रतिकूल हुँदा न्यून भिजिबिलिटी तथा हावाको गति नमिलेका कारण अन्तरराष्ट्रिय उडानका जहाज होल्ड र मिस एप्रोच हुने गरेको प्रवक्ता शेर्पाले जानकारी दिनुभयो । अन्तरराष्ट्रिय उडानका जहाज काठमाडौँ विमानस्थलको धावनमार्गको पश्चिमतर्फ 'जिरो टु'बाट मात्रै अवतरण गर्नुपर्ने हुन्छ । आन्तरिक उडानका जहाजलाई लामो रनवे भएकाले दुवैतर्फबाट अवतरण गर्न मिल्ने भएकाले त्यतिधेरै समस्या नरहेको विमानस्थल कार्यालयले जनाएको छ ।

बुधबार राति काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा हल्कादेखि मध्यम वर्ष भएको छ । विशेषगरी कोशी, बाग्मती र गण्डकी प्रदेशका विभिन्न स्थानमा वर्षा भएको थियो । आज पनि ती प्रदेशका पहाडी भेगमा आंशिक बदली रहनुका साथै अपराह्नतिर घेम गर्जन चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले गरेको छ ।

# नेपालका एक सय पच्चिस भाषाको लेखन सहजताका लागि अब एउटै 'फन्ट'

काठमाडौँ, २९ फागुन (रासस) ।

नेपालमा बोलिने १२५ भाषाका लागि साझा लेखन पद्धति निर्माण गर्ने उद्देश्यले एउटै 'फन्ट' निर्माण गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठाले गठन गरेको नेपालका भाषाको साझा लेखन पद्धतिको विकास अध्ययन कार्यदल र आवरण प्रकाशनबीचको सहमतिअनुसार फन्ट निर्माण गरिएको हो ।

कलाकार रमेश पौडेलले कार्यदलको प्रतिवेदनका आधारमा 'दुबो' नामक 'फन्ट'को 'डिजाइन' गरेर मङ्गलबार सो फन्ट प्रतिष्ठानलाई हस्तान्तरण गरिएको बताउनुभयो । आवरण प्रकाशनका प्रबन्ध निर्देशक पौडेलले २२४ 'क्यारेक्टर' रहेको 'दुबो' फन्ट देवनागरी र 'युनिकोड'भन्दा फरक 'लेआउट' मा भए पनि प्रयोगमा सजिलो रहेको बताउनुभयो ।

मङ्गलबार प्रतिष्ठानमा आयोजित एक कार्यक्रममा प्रस्तावित फन्टका विषयमा भाषविद्सहित छलफल र प्रस्तुतीकरणसमेत गरिएको थियो । त्यस अवसरमा भाषाविद् प्रा डा माधव पोखरेलले प्रस्तावित फन्टले लिपि नभएका तर नेपालमा बोलिने धेरै भाषाहरूको लेखनपद्धतिमा देखिएको समस्या समाधानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

प्रतिष्ठानका कुलपति भूपाल राईले विज्ञ कार्यदलको सहयोयमा नयाँ फन्ट सिर्जना गरिएको र यो प्रयास निकै उपयोगी हुने बताउनुभयो । भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुरले प्रस्तावित फन्टले नेपालमा बोलिने सबै भाषाको लेखनमा एकरूपता आउने बताउनुभयो । कार्यदलका संयोजक डा अमृत योञ्जन तामाङले प्रस्तावित फन्टले नेपालका भाषाहरूको लेखनमा सहजता आउने बताउनुभयो । कार्यदलका सदस्य प्रा भीमनारायण रेग्मीले प्रस्तावित फन्टका विशेषतासहितको प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रतिष्ठाका सदस्यसचिव डा धनप्रसाद सुवेदी, प्रा राम लोहनी, डा कृष्णप्रसाद चालिसे, डा कर्णाखर खतिवडा, दिलेन्द्र सुब्बा, डा सूर्यप्रसाद यादव र राजनलाल जोशीले प्रस्तावित फन्टका विषयमा जिज्ञासासहित टिप्पणी गर्नुभएको फन्ट निर्माता कलाकार पौडेलले राससलाई जानकारी दिनुभयो ।

प्रतिष्ठानले गठन गरेको अध्ययन कार्यदलको संयोजकमा डा तामाङ, सहसंयोजकमा डा विष्णुकुमार सिंजाली र सदस्यहरूमा प्रा भीमनारायण रेग्मी, डा तारामणि राई, अम्बरजङ लिम्बू, प्राज्ञ त्रैलोक्यमान बनेपाली र हंसवती कुर्मी रहनुभएको थियो ।

## *तीन बुदे लिखित...*

र रिर्जभ्यार आदीमा मलाह जातीलाई पचास प्रतिशत आरक्षण, संघीय र सात वटै प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना लगायतका विभिन्न २० बुन्दे माग राखी मलाह कल्याण संघका केन्द्रिय सदस्य ६५ बर्षीय बेचन मुखियाको नेतृत्वमा फागुन २५ देखि ७५ बर्षीय विलेक्षण मुखिया, ७० बर्षीय रशीलाल मुखिया, ६४ बर्षीय पञ्चलाल मुखिया र ६१ बर्षीय सदमलाल मुखिया आमरण अनसनमा बसेका थिए ।

माग सम्बोधनका लागि यसअघि नेपाल मलाह कल्याण संघको अगुवाईमा माघ २५ देखि रिले अनसन शुरु गरिएको थियो । तर, रिले अनसनको एक महिना वितेपनि सरकारले कुनै चासो नदेखाएको भन्दै फागुन २५ देखि आमरण अनसन थालिएको थियो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*